CAMBRIDGE cambridgeinternational.org

BRITISH COUNCIL

**प्रेस विज्ञप्ति**
**१७ फेब्रुअरी २०२६**

## आउटस्ट्यान्डिङ क्याम्ब्रिज लर्नर अवार्डमा नेपाली विद्यार्थीको उत्कृष्ट नतिजा

क्याम्ब्रिज युनिर्भसिटी प्रेस एण्ड एसेसमेन्ट अन्तर्गतको द इन्टरनेशनल एडुकेसन ग्रुप नेपालमा आउटस्ट्यान्डिङ क्याम्ब्रिज लर्नर अवार्डका विजेताहरुको घोषणा गर्न पाउँदा हर्षित भएको छ । नोभेम्वर २०२४ र जून २०२५ मा क्याम्ब्रिजको परीक्षा शृङखला (सिरिज) मा नेपालका माध्यमिक तहका विद्यार्थीको उत्कृष्ट शैक्षिक उपलब्धिको सम्मानमा यो अवार्ड प्रदान गरिएको हो ।

क्याम्ब्रिज इन्टरनेशनल एएस र ए लेभल परीक्षामा नेपालका ४७ जना विद्यार्थीले उत्कृष्ट नतिजा ल्याएका छन् । उनीहरुमध्ये ४ जना विद्यार्थीले विश्वभरबाट उच्च अंक हासिल गरेका छन् भने ३६ जनाले नेपालभित्र एकल बिषयमा उच्च अंक प्राप्त गरेका छन् । विश्वका विभिन्न ४० वटा देशमा क्याम्ब्रिज इन्टरनेशनल एडुकेसनले सञ्चालन गर्ने परीक्षामा सहभागी भएर विद्यार्थीले पाएको सफलतालाई आउटस्ट्यान्डिङ क्याम्ब्रिज लर्नर अवार्ड कार्यक्रमले सम्मान गर्दै आएको छ । क्याम्ब्रिजबाट हासिल भएको योग्यताले विश्वविद्यालय तहको अध्ययन तथा त्यसपछिका पेशागत र व्यवसायिक कार्यमा विद्यार्थीहरुलाई आवश्यक पर्ने सीप प्रदान गर्दछ । क्याम्ब्रिजबाट विद्यार्थीले प्राप्त गर्ने शैक्षिक योग्यतालाई विश्वभरका उत्कृष्ट र अग्रणी शैक्षिक संस्थाल मान्यता दिइरहेका छन् । साथै, ती संस्थाले विद्यार्थीको आलोचनात्मक सोचाइको क्षमता, अनुसन्धानका लागि चाहिने दक्षता र सीप तथा बिषयगत क्षेत्रमा उनीहरुको ज्ञानलाई उच्च कदर गर्ने गरेका छन् ।

अवार्ड विजेता घोषणाको अवसरमा क्याम्ब्रिज युनिर्भसिटी प्रेस एण्ड एसेसमेन्ट अन्तर्गत अर्न्तराष्ट्रिय शिक्षासम्बन्धी दक्षिण एसियाका क्षेत्रीय निर्देशक विनय शर्माले भन्नुभएको छ–“क्याम्ब्रिजका विद्यार्थीहरु हाम्रो तर्फबाट हुने प्रत्येक कामको केन्द्र भागमा छन् । हामीले प्रदान गर्ने शिक्षाका सबै पक्ष विद्यार्थीको

शैक्षिक विकास गर्न, सामर्थ्य अनुसार उपलब्धि हासिल गर्न र कक्षाकोठा भन्दा बाहिर समेत उनीहरु सबल तुल्याउन सक्ने गरी तयार पारिएका छन् । नेपालका विद्यार्थीहरुको उत्कृष्ट नतिजा र उपलब्धिलाई उत्सवका रुपमा मनाउन पाउँदा हामीले गर्वको महसुस गरिरहेका छन्, विद्यार्थीको सफलतामा उनीहरु स्वयम्को समर्पण र लगाव अनि शिक्षक र परिवारको बलियो सहयोग जोडिएका छन् । यी अवार्डले विश्वव्यापी रुपमा विद्यार्थीको उत्कृष्ट नतिजालाई सम्मान गर्नुका साथै आगामी दिनमा उनीहरुको पढाइ र करिअरका लागि चाहिने आत्मविश्वास र सीपलाई उजागर गर्नेछ । अवार्ड विजेता सबै विद्यार्थीलाई बधाइ दिन चाहान्छौं र आगामी वर्षहरुमा समेत नेपालमा थप सफलताका लागि सहयोग गर्न हामी तयार छौं ।”

अवार्ड विजेता घोषणाका अवसरमा ब्रिटिस काउन्सिल नेपालकी परीक्षासम्बन्धी राष्ट्रिय निर्देशक प्रतिष्ठा थापा रायमाझीले भन्नुभएको छ-“ नेपालभरका विद्यार्थीको प्रतिवद्धता, अनुशासन र शैक्षिक उपलब्धि उनीहरुले प्राप्त गरेका उत्कृष्ट नतिजाहरुमा सशक्त रुपमा प्रतिविम्वित भएका छन् । आउटस्ट्यान्डिङ क्याम्ब्रिज लर्नर अवार्डमार्फत विद्यार्थीले राष्ट्रिय र अर्न्तराष्ट्रिय तहमा प्राप्त गरेको सफलताले मान्यता पाएको देख्न पाउँदा हामी निकै खुशी भएका छौं । निरन्तरको मिहिनेत र प्रयास, उच्च गुणस्तरिय शिक्षण तथा विद्यालय, परिवार र परीक्षा सञ्चालनमा संलग्न व्यक्ति/समूहको सहयोगबाट नै यी सफलता हासिल भएको हो ।
हामी ब्रिटिस काउन्सिलमा परीक्षाका लागि निष्पक्ष, सुरक्षित र अर्न्तराष्ट्रिय स्तरको विश्वसनीय मूल्याङ्कन पद्धति लागू गर्न तथा हरेक विद्यार्थीले उत्कृष्ट नतिजा ल्याउन सक्ने वातावरण तयार पार्न प्रतिवद्ध छौं । यी उपलब्धिहरुले नेपालमा क्याम्ब्रिज शिक्षाको बढ्दो माग र यसका सवल पक्षलाई पुर्नपुष्टि गरेको छ । त्यसैले हामी आत्मविश्वास र इमान्दारितासहित विद्यार्थीको शैक्षिक चाहना र अभिलाषामा निरन्तर सहयोग गर्न तयार छौं ।

**आउटस्ट्यान्डिङ क्याम्ब्रिज लर्नर अवार्डका विजेताहरु निम्नानुसार छन्:**

उच्च अंक हासिल गर्नेहरु

## नोभेम्वर २०२४ र जून २०२५ को परीक्षा शृङखला (सिरिज)

| बिषय | नाम | विद्यालय | योग्यताको तह |
|---|---|---|---|
| अंग्रेजी भाषा | अनुष्का शर्मा | रातो बंगला स्कूल | क्याम्ब्रिज इन्टरनेशनल एएस लेभल |
| म्याथम्याटिक्स | आरभ श्रेष्ठ | रातो बंगला स्कूल | क्याम्ब्रिज इन्टरनेशनल एएस लेभल |
| सूचना प्रविधि | आयु प्याकुरेल | चेल्सी इन्टरनेशनल एकेडेमी | क्याम्ब्रिज इन्टरनेशनल एएस लेभल |
| समाजशास्त्र | जेन्शा श्रेष्ठ | ब्रिटिस मोडल कलेज | क्याम्ब्रिज इन्टरनेशनल एएस लेभल |
| समाजशास्त्र | लिजेला शाक्य | चेल्सी इन्टरनेशनल एकेडेमी | क्याम्ब्रिज इन्टरनेशनल एएस लेभल |
| आर्ट एण्ड डिजाइन | छायाँ रुबी श्रेष्ठ | द ब्रिटिस स्कूल, काठमाडौं | क्याम्ब्रिज इन्टरनेशनल एएस लेभल |
| नाटक (ड्रामा) | मेघना आस्ले थापा मगर | द ब्रिटिस स्कूल, काठमाडौं | क्याम्ब्रिज इन्टरनेशनल एएस लेभल |
| अंग्रेजी भाषा | मान्यता न्यौपाने | रातो बंगला स्कूल | क्याम्ब्रिज इन्टरनेशनल एएस लेभल |
| म्याथम्याटिक्स | मानवी ज्ञवाली | सेन्ट जेभियर कलेज | क्याम्ब्रिज इन्टरनेशनल एएस लेभल |
| जिओग्राफी | जियाकोमो फ्रिजेरियो | द ब्रिटिस स्कूल, काठमाडौं | क्याम्ब्रिज इन्टरनेशनल एएस लेभल |
| जर्मन भाषा | स्यारी लेना मेअर | काठमाडौं इन्टरनेशनल स्टडी सेन्टर | क्याम्ब्रिज इन्टरनेशनल एएस लेभल |
| इतिहास | सिएन्ना एलिस क्यास्की | काठमाडौं इन्टरनेशनल स्टडी सेन्टर | क्याम्ब्रिज इन्टरनेशनल एएस लेभल |
| सूचना प्रविधि | आर्या खड्गी | जेम्स स्कूल | क्याम्ब्रिज इन्टरनेशनल एएस लेभल |
| कानून | आश्ना पौडेल | जेम्स स्कूल | क्याम्ब्रिज इन्टरनेशनल एएस लेभल |

## नोभेम्वर २०२४ र जून २०२५ को परीक्षा शृङखला (सिरिज)

| बिषय | नाम | विद्यालय | योग्यताको तह |
|---|---|---|---|
| एकाउन्टिङ | समिप यादव | ट्रिनिटी इन्टरनेशनल कलेज | क्याम्ब्रिज इन्टरनेशनल एएस लेभल |
| बायोलोजी | खुश्वु निङ्गलेकु | ब्रिटिस मोडल कलेज | क्याम्ब्रिज इन्टरनेशनल एएस लेभल |
| विजनेश | इसान शेखर खड्का | बुढानिलकण्ठ स्कूल | क्याम्ब्रिज इन्टरनेशनल एएस लेभल |
| केमेस्ट्री | रेहन महर्जन | काष्ठमण्डप ए लेभल एकेडेमी | क्याम्ब्रिज इन्टरनेशनल एएस लेभल |
| कम्प्युटर साइन्स | प्रणव चौधरी थारु | ट्रिनिटी इन्टरनेशनल कलेज | क्याम्ब्रिज इन्टरनेशनल एएस लेभल |
| इकोनोमिक्स | प्रतिक्षा घिमिरे | ब्रिटिस मोडल कलेज | क्याम्ब्रिज इन्टरनेशनल एएस लेभल |
| म्याथम्याटिक्स | सञ्जय शर्मा | ट्रिनिटी इन्टरनेशनल कलेज | क्याम्ब्रिज इन्टरनेशनल एएस लेभल |
| फिजिक्स | अभिषेक यादव | ट्रिनिटी इन्टरनेशनल कलेज | क्याम्ब्रिज इन्टरनेशनल एएस लेभल |
| फिजिक्स | अर्बिन शाक्य | ट्रिनिटी इन्टरनेशनल कलेज | क्याम्ब्रिज इन्टरनेशनल एएस लेभल |
| फिजिक्स | इमराउन शर्मा | मल्पी इन्स्टिच्युट | क्याम्ब्रिज इन्टरनेशनल एएस लेभल |
| साइकोलोजी | नितिका सिंह पन्थ | ट्रिनिटी इन्टरनेशनल कलेज | क्याम्ब्रिज इन्टरनेशनल एएस लेभल |
| केमेस्ट्री | आशिष मिश्र | ट्रिनिटी इन्टरनेशनल कलेज | क्याम्ब्रिज इन्टरनेशनल एएस लेभल |
| कम्प्युटर साइन्स | प्रतिक श्रेष्ठ | प्राइभेट | क्याम्ब्रिज इन्टरनेशनल एएस लेभल |
| एकाउन्टिङ | योगेश्वर शर्मा | बुढानिलकण्ठ स्कूल | क्याम्ब्रिज इन्टरनेशनल एएस लेभल |
| बायोलोजी | शायना केसी | सेन्ट जेभियर कलेज | क्याम्ब्रिज इन्टरनेशनल एएस लेभल |
| विजनेश | योगेश्वर शर्मा | बुढानिलकण्ठ स्कूल | क्याम्ब्रिज इन्टरनेशनल एएस लेभल |
| केमेस्ट्री | सिद्धान्त चर्तुवेदी | सेन्ट जेभियर कलेज | क्याम्ब्रिज इन्टरनेशनल एएस लेभल |
| कम्प्युटर साइन्स | सिद्धान्त चर्तुवेदी | सेन्ट जेभियर कलेज | क्याम्ब्रिज इन्टरनेशनल एएस लेभल |
| इकोनोमिक्स | आयु प्याकुरेल | चेल्सी इन्टरनेशनल एकेडेमी | क्याम्ब्रिज इन्टरनेशनल एएस लेभल |
| इङलिस जनरल | उत्साह गौतम | मल्पी इन्स्टिच्युट | क्याम्ब्रिज इन्टरनेशनल एएस |

| पेपर | | | लेभल |
|---|---|---|---|
| फिजिक्स | सक्षम राजभण्डारी | सेन्ट जेभियर कलेज | क्याम्ब्रिज इन्टरनेशनल एएस लेभल |
| साइकोलोजी | स्मरणिका शाक्य | रातो बंगला स्कूल | क्याम्ब्रिज इन्टरनेशनल एएस लेभल |
| समाजशास्त्र | समानता श्रेष्ठ | रातो बंगला स्कूल | क्याम्ब्रिज इन्टरनेशनल एएस लेभल |
| एकाउन्टिङ | समिप यादव | ट्रिनिटी इन्टरनेशनल कलेज | क्याम्ब्रिज इन्टरनेशनल एएस लेभल |
| बायोलोजी | स्निग्ध श्रेष्ठ | रातो बंगला स्कूल | क्याम्ब्रिज इन्टरनेशनल एएस लेभल |
| बिजनेस | नितिका सिंह पन्थ | ट्रिनिटी इन्टरनेशनल कलेज | क्याम्ब्रिज इन्टरनेशनल एएस लेभल |
| केमेस्ट्री | आयुषा घिमिरे | बुढानिलकण्ठ स्कूल | क्याम्ब्रिज इन्टरनेशनल एएस लेभल |
| केमेस्ट्री | विश्वजित बिष्ट | रातो बंगला स्कूल | क्याम्ब्रिज इन्टरनेशनल एएस लेभल |
| कम्प्युटर साइन्स | विश्वजित बिष्ट | रातो बंगला स्कूल | क्याम्ब्रिज इन्टरनेशनल एएस लेभल |
| इकोनोमिक्स | विधि खड्का | बुढानिलकण्ठ स्कूल | क्याम्ब्रिज इन्टरनेशनल एएस लेभल |
| म्याथम्याटिक्स | आरभ श्रेष्ठ | रातो बंगला स्कूल | क्याम्ब्रिज इन्टरनेशनल एएस लेभल |
| म्याथम्याटिक्स | शिलु रन्जित | जेम्स स्कूल | क्याम्ब्रिज इन्टरनेशनल एएस लेभल |
| फिजिक्स | आयुषा घिमिरे | बुढानिलकण्ठ स्कूल | क्याम्ब्रिज इन्टरनेशनल एएस लेभल |
| फिजिक्स | अनुपकुमार अयादी | बुढानिलकण्ठ स्कूल | क्याम्ब्रिज इन्टरनेशनल एएस लेभल |
| साइकोलोजी | स्निग्ध श्रेष्ठ | रातो बंगला स्कूल | क्याम्ब्रिज इन्टरनेशनल एएस लेभल |
| समाजशास्त्र | स्निग्ध श्रेष्ठ | रातो बंगला स्कूल | क्याम्ब्रिज इन्टरनेशनल एएस लेभल |

सर्वोकृष्ट

नोभेम्वर २०२४ र जून २०२५ को परीक्षा शृङखला (सिरिज)

| अवार्ड | नाम | विद्यालय | स्थान |
|---|---|---|---|
| चारमध्ये उत्कृष्ट | सञ्जय शर्मा | ट्रिनिटी इन्टरनेशनल कलेज | नेपालमा पहिलो स्थान |
| चारमध्ये उत्कृष्ट | सक्षम राजभण्डारी | सेन्ट जेभियर कलेज | नेपालमा पहिलो स्थान |

| | | | |
|---|---|---|---|
| तीनमध्ये उत्कृष्ट | हिमालय सत्याल | रातो बंगला स्कूल | नेपालमा पहिलो स्थान |

**विश्वभरमा उत्कृष्ट**

| नोभेम्वर २०२४ र जून २०२५ को परीक्षा शृङखला (सिरिज) | | | |
|---|---|---|---|
| बिषय | विद्यार्थी | विद्यालय | योग्यताको तह |
| इङलिस जनरल पेपर | विश्वजित बिष्ट | रातो बंगला स्कूल | क्याम्ब्रिज इन्टरनेशनल एएस लेभल |
| अंग्रेजी भाषा र साहित्य | मेशना भट्टराई | रातो बंगला स्कूल | क्याम्ब्रिज इन्टरनेशनल एएस लेभल |
| म्याथम्याटिक्स | सक्षम राजभण्डारी | सेन्ट जेभियर कलेज | क्याम्ब्रिज इन्टरनेशनल एएस लेभल |
| म्याथम्याटिक्स | सिद्धान्त चर्तुवेदी | सेन्ट जेभियर कलेज | क्याम्ब्रिज इन्टरनेशनल एएस लेभल |

**सम्पादकका लागि नोट**

**क्याम्ब्रिजबारे**

क्याम्ब्रिज इन्टरनेसनल एडुकेसन क्याम्ब्रिज विश्वविद्यालय मातहतको क्याम्ब्रिज युनिर्भसिटी प्रेस एण्ड एसेसमेन्ट अन्तर्गत सञ्चालित इन्टरनेशनल एडुकेसन ग्रुपको एक निकाय हो । हाम्रो यो इन्टरनेशनल एडुकेसन ग्रुपले ज्ञान, बुझाइ र सीपलाई प्रवर्द्धन गर्ने शिक्षा प्रदान गर्नका लागि विश्वभरका विद्यालयहरुसँग मिलेर काम गर्दछ । आपसी सहकार्यबाट हामी बदलिदो विश्व परिवेशमा विद्यार्थीहरुको व्यक्तिगत सफलता र सकारात्मक परिवर्तनका लागि चाहिने आत्मविश्वास उनीहरुलाई प्रदान गर्दछौं । हामीले गहन अनुसन्धान, अनुभव र शिक्षा प्रदायक संस्था र व्यक्तिको सुझावमा आधारित भई ३ बर्षदेखि १९ बर्ष उमेर समूहका विद्यार्थीका लागि उपयुक्त शिक्षा प्रदान गर्न विश्वव्यापी रुपमा विश्वसनिय र पहुँचयुक्त शैक्षिक ढाँचा/विधि तयार पारेका छौं ।

मान्यता प्राप्त योग्यता (जस्तै: क्याम्ब्रिजको माध्यमिक शिक्षासम्बन्धी प्रमाणपत्र तथा इन्टरनेशनल एएस र ए लेभल) का साथै उच्च गुणस्तरिय स्रोतसाधन, वृहत्त सहयोग र उपयोगी सुझावसँगै हामीले प्रत्येक विद्यार्थीलाई समान अवसर र चुनौतीका लागि तयार पार्न उनहिरुको विद्यालयलाई सहयोग गर्छौं । विश्वको बदलिदो परिवेशमा समयानुकूल शिक्षाका लागि विद्यार्थीलाई मद्धत गर्दछौं । थप जानकारीका लागि: www.cambridgeinternational.org

## ब्रिटिस काउन्सिलबारे

ब्रिटिस काउन्सिल संयुक्त अधिराज्य (युके) को साँस्कृतिक र शैक्षिक गतिविधिका लागि क्रियाशील अन्तर्राष्ट्रिय संस्था हो । ब्रिटिस काउन्सिलले संयुक्त अधिराज्य र अन्य देशका नागरिकबीच सम्वन्ध विस्तार गर्दै, एक-अर्काको बुझाइलाई परिस्कृत गर्दै तथा आपसी विश्वास र भरोसा निर्माण गर्दै शान्ति र समृद्धिका लागि सहयोग गर्दछ । उक्त कार्य हामीले कला, संस्कृति, शिक्षा र अंग्रेजी भाषासम्बन्धी कार्यक्रममार्फत गरिरहेका छौं । हामी २ सय भन्दा बढी मुलुक र भूभागका नागरिकसँग काम गर्छौं । सन् २०२४-२०२५ मा ब्रिटिस काउन्सिल ६०० मिलियन व्यक्तिसमक्ष पुगेको छ ।

कुनै जिज्ञासा भए हामीलाई general.enquiry@britishcouncil.org.np वा ९७७-१-४२३७७०० मा सम्पर्क गर्न सक्नुहुन्छ ।